अनुसूची-१

दफा ९ को उप दफा (१) संग सम्बन्धित

समुदायमा आधारित पुनर्स्थापना सहजकर्ता पदका लागि प्रकाशन गरिने विज्ञापनको ढाचाँ

# दुहवी नगरपालिकाको कार्यालय ,

# दुहवी,सुनसरी

समुदायमा आधारित पुनर्स्थापना सहजकर्ता पदका लागि दरखास्त आव्हान गरिएको सूचना ।

प्रकाशित मिति २०७६।०९।१० गते

यस दुहवी नगरपालिकाले प्रदेश सरकार र करुणा फउण्डेशन नेपाल संगको साझेदारीमा संचालन गर्न लागेको अपाङ्गता रोगथाम तथा पुनर्स्थापना कार्यक्रमको लागि आवश्यक निम्न तपसिलको पदमा खुल्ला प्रतिस्पर्धात्मक परीक्षाद्वारा  करार सेवामा पदपुर्ति गरिनु पर्ने भएकाले आवश्यक न्युनतम योग्यता पुगेका कुनै वात कसुर नलागेका इच्छुक नेपाली नागरिकहरुवाट दरखास्त फाराम भर्न आवहान गरिएको छ ।दुहवी नगरपालिकाले तोकेको दरखास्त फाराममा भर्नु पर्ने सम्पुर्ण विवरणहरु भरी पासपोर्ट साइजको फोटो ३ प्रति टाँस गरी  आफ्नो नेपाली नागरिकता र दरखास्त दिने पदका लागि तोकिएको अन्तिम शैक्षिक योग्यताको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र,परीक्षा दस्तुर तिरेको बैक भौचर को अर्धकट्टी तथा नेपाल  वाहेक अन्य मुलुक वाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयवाट  समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी दुहवी नगरपालिकामा को कार्यालयमा पेश गर्नु पर्ने छ ।

रित नपुगेको ,तोकिएको आवश्यक न्युनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नवुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।साथै प्रचलित कानून वमोवजिम अयोग्य ठहरिने उम्मेदवारको दरखास्त उपर कुनै कारवाही हुने छैन । झुट्टा विवरण उल्लेख गरी दरखास्त फारम भरेमा सोको जवाफदेही स्वयम आफै हुनु पर्ने छ ।

तपसिल

१. विज्ञापन नं. र पद संख्या :

| सि.नं. | विज्ञापन नं. | पद | माग संख्या |
|---|---|---|---|
| १ | २०७६।०७७।०१ | | |
| | खुल्ला | समुदायमा आधारित पुनर्स्थापना (सिविआर)सहजकर्ता | २ |
| | अपाङ्ग | | १ |
| | जम्मा | | ३ |

२. सेवाको किसिम :अस्थायी करार सेवा ,

३. आवश्यक न्युनतम शैक्षिक योग्यता र अनुभव : क)मान्यता प्राप्त शिक्षण संस्थावाट कम्तिमा अ.न.मी. वा सि.एम.ए.उतिर्ण गरी आर्यानुभव हासिल गरेको ,

ख) कम्प्युटर सम्वन्धि आधारभुत ज्ञान हासिल गरेको,

ग) स्वास्थ्य र अपाङ्ग क्षेत्रमा काम गरेको अनुभव ।

आनन्द राज पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

घ) दुहवी नगरपालिकाको स्थायी बासिन्दा र अपाङ्गता भएका व्यक्ति वा तिनका परिवारका सदस्य तथा स्वास्थ्य र अपाङ्गताको क्षेत्रमा काम गरेको अनुभव भएका व्यक्तिहरुलाई सहजकर्ता छनौटमा प्राथमिकता दिईनेछ ।

४.तलव सुविधा तथा अन्य सेवा शर्त : मासिक रु १५०००। (पन्ध्र हजार रुपैया मात्र )र अन्य सेवा सुविधा करार संम्झौतामा उल्लेख गरिए वमोजिम हुनेछ ।

५.उम्मेद्धारको उमेर क) महिला र अपाङ्ग भएका व्यक्तिहरुको हकमा दरखास्त दिन अन्तिम मिति ( अर्थात मिति २०७६।०९।२४ सम्ममा १८ वर्ष पुराभई ४० वर्ष ननाघेको ।

ख) पुरुषको हकमा दरखास्त दिने अन्तिम मिति अर्थात मिति २०७६।०९।२४ सम्ममा १८ वर्ष पुराभई ३५ वर्ष ननाघेको ।

६.उम्मेदवारको छनौट विधि :लिखित ,कम्प्युटर शिप परीक्षण तथा प्रत्यक्ष अन्तरवार्ता ।

७ .फाराम प्राप्त गर्ने र वुझाउनु पर्ने स्थान :दुहवी नगरपालिका वाट प्राप्त गरी दुहवी नगरपालिकाको कार्यालयमा वुझाउनु पर्ने ।

८. परीक्षा दस्तुर खुल्ला तर्फ रु ३००। तीन सय र खुल्ला संगै समावेशी (अपाङ्गता भएको व्यक्तिको लागि मात्र) सिटमा थप रु १००। एक सय रुपैया मात्र ।

९.परीक्षा दस्तुर वुझाउने प्रकृया : दुहवी नगरपालिकाको राजश्व शाखामा परीक्षा दस्तुर जम्मा गरी दरखास्त साथ पेश गर्नु पर्नेछ ।

१०.दरखास्त फारम भर्ने मिति : २०७६।०९।१० देखि २०७६।०९।२४ सम्ममा ।

११.परीक्षा संचालन हुने मिति , समय र स्थान : दरखासत फाराम भर्ने अन्तिम म्याद सकिएको ३ तिन दिन भित्र नगरपालिकाको सूचना पार्टीमा टाँस गरिने छ र दुहवी नगरपालिकाको वेवसाइट: duhabimun.gov.np मा राखिनेछ ।

१२.पाठ्यक्रम : दरखास्त फारम साथ प्राप्त गर्न सकिनेछ।

१३.शैक्षिक योग्यता अनुभव तथा अन्य प्रमाणहरुका सम्वन्धमा दरखास्त वुझाउने अन्तिम मिति २०७६।०९।२४ सम्म जारी भएको लाइ मात्र मान्यता दिइनेछ ।

१४.विशेष व्यवस्था :समुदायमा आधारित पुनर्स्थापना सहजकर्ताको छनौट पश्चात दुई(२)महिनाको तालिम हुनेछ ,तालिम अवधिभर तलव पारिश्रमिक पाइने छैन ।

१५.आवेदन स्वीकृत / अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पुर्ण अधिकार दुहवी नगरपालिकालाई हुनेछ ।

१६. दरखास्त फारम भर्दा आउने अस्पष्टताको सम्वन्धमा दुहवी नगरपालिकाको कार्यालयको मो.नं. ९८४२०७५३०० र ९८५२०३०५०२ मा सम्पर्क गरी वुझ्न सकिनेछ ।

आनन्द राज पोखरेल
प्रमुख प्रशासकीय अधिकृत